[ गैर चिनियाँ - भाषि विद्यार्थीका लागि चिनियाँ भाषा पाठ्यक्रम विकास तथा अतिरिक्त सहयोगी निर्देशिका ] को परामर्शदात्री दस्तावेज

# कार्यकारी उपसंहार

## प्रस्तावपना

१ .प्रस्तावपनाले [ चिनियाँ भाषाको पाठ्यक्रम विकासका लागि अतिरिक्त निर्देशिका ( गैर चिनियाँ विद्यार्थी )] को पृष्ठभूमिबारे संक्षेपमा व्याख्या गरेको छ। गैर चिनियाँ विद्यार्थीलाई चिनियाँ भाषा प्रशिक्षण सम्बन्धी पाठ्यक्रम बनाउने सम्बन्धमा प्रारम्भिक चरणमा - चार वटा प्रस्ताव सिफरिस गरिएको छ : चिनियाँ भाषा पढाउने कक्षामा बस्ने, अन्तमा जोडिदिने हेतुबाट संक्रमणका रुपमा पढ्ने, दोस्रो भाषाको आधारमा पढ्ने, मिलीजुली रुपमा उपर्युक्त निर्णय प्रस्तावहरुको सदुपयोग गर्ने।

## पहिलो भाग परिचय

२. हङ्ग कङ्ग पाठ्यक्रम विकास परिषदव्दारा तयार पारिएको चिनियाँ भाषाको पाठ्यक्रमले समस्त हङ्ग कङ्गका प्राथमिक र माध्यमिक स्कूलका ( गैर चिनियाँ विद्यार्थी ) का लागि लचिलो पाठ्यक्रमको प्रारुप प्रदान गरेको छ। त्यो प्रारुप समस्त हङ्ग कङ्गका प्राथमिक र माध्यमिक स्कूलहरुका लागि अनुकूल छ। विद्यार्थीहरुका अनेकौं प्रकारका पढाइको आवश्यकता अनुसार यसैको आधारमा सबै स्कूलहरुले मिलाएर आ - आफ्ना पाठ्यक्रमहरु तयार गर्नु पर्छ।

३ . [ चिनियाँ भाषाको पाठ्यक्रम विकास तथा अतिरिक्त सहयोगी निर्देशिका ] को विकासको उद्देष्य चाहिं साझा पाठ्यक्रको प्रारुपमा गैर चिनियाँ भाषी विद्यार्थीहरुको पढाइको अवश्यकतालाई हेरेर चिनियाँ भाषाको पाठ्यक्रमलाई व्यवहारमा उतार्ने क्रममा सम्बन्धित अतिरिक्त सहयोगी सिद्धान्त, पाइला र प्रस्तावहरुको कार्यान्वयन गर्नु हो।

४ .तथ्याङ्क अनुसार हङ्ग कङ्गका गैर चिनियाँ विद्यार्थीहरुले प्रयोग गर्दै आएका भाषाहरुमा : उर्दू, अँग्रेजी, नेपाली, तागलोग ( फिलिम्पिन्सको ) र हिन्दी जस्ता पाँच वटा भाषाहरु रहेका छन्।

५ . भाषा प्रशिक्षणका सम्बन्धमा हङ्ग कङ्गको नीति चाहिं विद्यार्थिहरुको दक्षता विकासका लागि समानन्तर रुपमा मुख्यतया दुईटा भाषा ( चिनियाँ र अँग्रेजी ) को प्रयोग र तीन वटा भाषा ( क्वन्टोनिज स्थानीय भाषा र राष्ट्रिय चिनियाँ भाषा अर्थात फुतुङ्गहवाका साथै अँग्रेजी भाषा ) हरुको पनि प्रयोग गर्दै आएको छ। यसको मुख्य उद्देष्य विद्यार्थीहरुका क्षमतालाई उकास्नु हो। हङ्ग कङ्गको समाज र चिनियाँ भाषाको कक्षामा व्यापक रुपमा क्वन्टोनिज स्थानीय भाषा र केन्द्रीय परंपरागत चिनियाँ भाषाको पुरानो लिपिको अक्षरहरुको प्रयोग गर्ने गर्दछ। यो गैर - चिनियाँ विद्यार्थीहरुको चाहना अनुसार नै स्थानीय क्वन्टोनिज भाषा र चिनियाँ भाषाको पुरानो लिपिको अक्षर सिकाउने गरिएको छ। जुन समुदाय र समग्र हितका लागि पूर्ण रुपमा प्रयोगमा ल्याइएको छ।

## दोस्रो भाग चिनियाँ भाषा र चिनियाँ भाषाको प्रशिक्षण

६ . आधुनिक चिनियाँ भाषाका मुख्य विशेषता यस प्रकार छन् - एकपदीय शब्द र उच्चारणको स्वरबाट अक्षरको अर्थलाई छुटाउने, शब्दको वाक्य संरचनामा कर्ता. क्रिया र कर्मको क्रम मिलाउने, परिमाणवाचक शब्दको प्रयोग गर्ने, व्याख्यात्मक शब्द चाहिं व्याख्या गराइने शब्दको अगाडी राख्ने र एकपदीय शब्द मात्र हुने गर्दछ आदि।

७ . गैर चिनियाँ विद्यार्थीहरुले चिनियाँ भाषा पढेको हाराहारीमा आ - आफ्नो मातृभाषा र चिनियाँ भाषा बीच फरक भएकोले चिनियाँ भाषाका अक्षरहरुका आकार, उच्चारणको लवज, शब्दहरु, सँख्या सम्बन्धी शब्द र वाक्यको क्रम आदि क्षेत्रहरुमा केही अप्ठ्याराहरु भेट्न सक्छन्।

## तेस्रो भाग चिनियाँ भाषा सिक्ने सम्बन्धमा
## गैर - चिनियाँ विद्यार्थीहरुको अनुभव

८ . [ गैर चिनियाँ - भाषी विद्यार्थीका लागि चिनियाँ भाषा पाठ्यक्रमको अतिरिक्त सहयोगी निर्देशिका ) ] को विकासका लागि व्यवहारिक रुपमा अध्ययन र अनुसन्धान गर्नुका साथै विभिन्न ठाउँहरुमा चिनियाँ भाषालाई दोस्रो भाषाको रुपमा प्रशिक्षण अनुभवहरुबारे परीक्षण गरी पाठ्यक्रम बनाउने प्रस्तावको तर्जुमा गराउने आधारलाई बनाइयोस् भनेर हामीले विशेषज्ञ र विव्दानहरुलाई खटाएका छौं

९ . गैर चिनियाँ विद्यार्थीहरुले चिनियाँ भाषा पढेको हाराहारीमा प्राप्त गरेका अनुभवहरु यस प्रकार छन् : संगसंगै बसेर एउटै कक्षा कोठामा पढ्ने, भाषा सिक्ने वातावरणको सिर्जना गर्ने, निरन्तर रुपमा अवलोकन र मूल्याङ्कन गर्ने, पढाइको अवस्थाबारे बेलैमा सम्बन्धित एकाइलाई सूनाइदिने। ध्यान दिनु पर्ने मुख्य समस्याहरु यस प्रकार छन् : शिक्षा लिने मौका, पढ्नका लागि धैर्यता, पढ्ने तौर-तरिका, पाठ्यक्रमसित मेल खाने, परीक्षा र अवलम्वन गरिने बाटो, अनेकौं जातिय संस्कृति, पारिवारिक समर्थन र अरु मानिसहरुसितको सम्पर्क राख्ने।

१० .समर्थन गर्ने वर्तमान पाइलाहरु यस प्रकार छन् : “निर्देशित स्कूल”, विभिन्न भत्ता, पाठ्यक्रमसित जोड्ने, पाठ्यक्रमसित मेल खाने, पाठ्यक्रम शुरु गर्ने, शिक्षकको विशेष दक्षताको विकसित पाठ्यक्रम, स्कूलहरु बीचको आदान प्रदान सम्बन्धी इन्टरनेट वेभ साइट, स्कूलमा पुगी समर्थनयुक्त सेवा, चिनियाँ भाषाको प्रशिक्षण केन्द्र र उत्तम शिक्षा दीक्षाको कोष बारेको योजना आदि।

११ .स्कूलले पाठ्यक्रमलाई मिलाएको व्यवहारमा प्राप्त गरेका अनुभवहरुबारे संक्षेपमा भन्ने हो भने निम्नलिखित तीन वटा प्रकार छन् : चिनियाँ भाषा प ढाउने कक्षामा बसाउनु, अन्तमा जोडिदिनेहेतुबाट संक्रमणका रुपमा चिनियाँ भाषा पढाउनु र दोस्रो भाषाको आधारमा पढाउनु।

## चौथौं भाग मुख्य सुझाव–वर्तमान अनुभव र
## अनुसन्धानको आधारमा रहेको

१२ . स्कूलका लागि लचिलो रुपमा पाठ्यक्रम छान्न सक्ने निर्णय

- **निर्णय प्रस्ताव एकः** चिनियाँ भाषा सिकाउने कक्षामा बस्ने

  गैर चिनियाँ विद्यार्थीहरु र चिनियाँ विद्यार्थीहरु संगसंगै बसेर एउटै कक्षाको संचालन गर्ने। चिनियाँ भाषा पढ्ने क्रममा आ-आफ्नो आवश्यकता भिन्ना भिन्नै भएकोले स्कूलले कक्षाको बाहिर विभिन्न प्रकारको मुख्य विकासका लागि अनुरुप सहायता प्रदान गरी गैर चिनियाँ विद्यार्थीहरुलाई चिनियाँ भाषा पढाउने कक्षामा बसाउन मद्दत गर्ने।

  **लागू गर्नु पर्ने आवश्यक शर्तहरुः** विद्यार्थीहरु बालक हुँदा हङ्ग कङ्गमा आएर चिनियाँ भाषासित सम्पर्क राखिएका , चिनियाँ भाषा सिकाइएका किन्देर गार्टेनहरुमा पढेका र मोटामोटी रुपमा चिनियाँ भाषाव्दारा पढ्न सकेकाहरु।

  **उत्तम श्रेष्ठताः** चिनियाँ भाषा पढ्न प्रशस्त वातावरण हुने , संयुक्त रुपमा सहयोग गर्ने , समूह - समूह बीच मेलमिलाप गर्ने र संस्कृतिहरु बीच आपसी तालेमेल हुने आदि कुराहरु छन्।

  **चुनौतीः** गैर चिनियाँ विद्यार्थीहरुले उक्त स्कूलका चिनियाँ विद्यार्थीहरुसंगसंगै चिनियाँ भाषाको कक्षामा बसेर पढ्नुपर्छ भने स्कूलले कक्षाको बाहिर सहायक शैक्षिक सामग्रीहरु प्रदान गर्नु पर्छ। त्यसका साथसाथै तिनीहरुको मूल्याङ्कन गर्ने परिपाटी हुनुपर्छ।

- **निर्णय प्रस्ताव दुईः अन्तमा जोडिदिनेहेतुबाट संक्रमणका रुपमा पढाउने**

  गैर चिनियाँ विद्यार्थीहरुलाई साधारण कक्षा छोडिदिने। विशेष गरी छोटो समय ( केही महिनादेखि एक वर्षसम्म )

छुट्टै वा केन्द्रीय रुपमा चिनियाँ भाषा सिकाउने , जसबाट अरु विद्यार्थीहरुसित संगसंगै बसेर पढ्न सक्ने स्तरमा पुऱ्याउन द्रुतगतिले चिनियाँ भाषाको स्तरलाई उकास्ने।

**लागू गर्नु पर्ने आवश्यक शर्तहरुः** विद्यार्थीहरु युवा वा किशोर हुँदा मात्र हङ्ग कङ्गमा आएकाहरु। ढीलो अर्थात बढी उमेरमा चिनियाँ भाषासित सम्पर्क राखेकाहरु र त्यसका साथै हङ्गकङ्गमा अझै पढ्न आएकाहरु एवम सजिलो भएर चिनियाँ भाषा बोल्न सक्ने काम खोज्नेहरु।

**उत्तम श्रेष्ठताः** केन्द्रीय रुपमा पढाएर राम्रो आधार बसाउने र कठिनाईलाई हटाएर त्यससित मेल खानका लागि थुप्रै समय दिने र पढाइको आरम्भ विन्दुलाई केही कम गर्न छूट दिने।

**चुनौतीः** त्यसको मूल्याकन गर्नु पर्ने परिपाटी हुनुपर्छ र आरम्भमा अपेक्षाकृत कम स्तरीय कक्षादेखि शुरु गराई सिकाउनुपर्छ।

- **निर्णय प्रस्ताव तीनः दोस्रो भाषाको आधारमा पढाउने**

दोस्रो भाषाको आधारमा सिकाउने। चिनियाँ भाषाव्दारा सम्पर्क राख्ने क्षमतामा अपेक्षाकृत जोड दिने र व्यापक रुपमा साधारण जीवनमा रहेको वातावरणको प्रयोग गर्ने।

**लागू गर्नु पर्ने आवश्यक शर्तहरुः** विद्यार्थीहरु अरु मुलुक वा क्षेत्रहरुबाट फर्किआएका, छोटो समयभित्र हङ्ग कङ्गमा बसेका, पास भएपछि हङ्ग कङ्ग छोड्ने विचार गरेकाहरु र चिनियाँ भाषाको स्तर कम भएका र हङ्ग कङ्गमा अझ पढ्ने र रोजगार गर्ने विचार नगरेकाहरु। अथवा विद्यार्थीहरु युवा वा किशोर हुँदा मात्र हङ्ग कङ्गमा आएकाहरु। ढीलो अर्थात ठूलो उमेरमा चिनियाँ भाषासित सम्पर्क राखुका साथै हङ्गकङ्गमा अझै पढ्न एवम् सजिलो भएर चिनियाँ भाषा बोल्न सक्ने काम नखोज्नेहरु।

**उत्तम श्रेष्ठताः** पढ्ने विषय अपेक्षाकृत सजिलो छ। केन्द्रीय रुपमा पढेर सम्पर्क राख्ने र प्रयोग गर्ने। भाषाको स्तरको दृष्टिबाट हेर्दा कम भएकाहरु र सूक्ष्म रुपमा पढाइको विषयको कम परिधि छानेकाहरुलाई छूट दिने।

**चुनौतीः** पढाइमा प्राप्त गरिएका नतीजाबाट समाजको आधारभूत आवश्यकताका लागि खाँचो टार्न मात्र सकिन्छ।

- **निर्णय प्रस्ताव चारः मिलीजुली रुपमा उपर्युक्त निर्णय प्रस्तावहरुको सदुपयोग गर्ने**

स्कूलले अनेकौं पाठ्यक्रम बनाउने निर्णय प्रस्तावको विकास गरी मिलीजुली रुपमा विविध प्रकारका पाइलाहरुको प्रयोग गर्ने सम्भावना छ , जसबाट उही स्कूलका गैर चिनियाँ - विद्यार्थीहरुका भिन्ना भिन्नै आवश्यकता, इच्छा र अभिलाषालाई पूरा गर्न सकियोस्।

**लागू गर्नु पर्ने शर्तहरुः** स्कूलले अपेक्षाकृत रुपमा धेरै गैर चिनियाँ विद्यार्थीहरुलाई भर्ना गराउने। विद्यार्थीहरुका पृष्ठभूमि विविध छन्। विद्यार्थीहरुका आ-आफ्ना अभिभावकका भिन्ना भिन्नै आभिलाषा र माँग छन् र चिनियाँ भाषाबारे विद्यार्थीहरु बीचमा रहेको स्तरको अन्तर ठूलो छ।

**उत्तम श्रेष्ठताः** फरक फरक पाठ्यक्रमव्दारा ती विशेष विद्यार्थीहरुको आवश्कताका लागि सहुलियत दिने।

**चुनौतीः** अपेक्षाकृत धेरै श्रोत साधनहरुलाई छुट्याउने। सामुहिक तवरबाट दक्षता प्रयोग गर्ने। विविध प्रकारका पाठ्यक्रमहरुव्दारा निर्णय प्रस्तावको तर्जुमा गर्ने र विद्यार्थीहरुका भिन्ना भिन्नै लक्ष्य र आवश्यकताका लागिलाई सहुलियत रुपमा पूरा गराउने।

१३ . भविष्यमा गैर चिनियाँ विद्यार्थीहरुको अनेकौं बाटो। ( पाठ्यक्रमको तर्जुमा गर्ने, तीनको मूल्याङ्कन गर्ने र भविष्यमा रहने विविध प्रकारको बाटो सम्बन्धी प्रस्तावबारे निम्न लिखित सहायक कार्य तालिकालाई हेर्नुहोस्। )

- **चिनियाँ भाषा सम्बन्धी उपाधि प्राप्त गर्न सक्नेः** हङ्ग कङ्गको माध्यमिक स्कूलव्दारा परीक्षा (HKCEE)। हङ्ग कङ्गको उच्च स्तरीय परीक्षा (HKALE)। भावी हङ्ग कङ्गको माध्यमिक स्कूलको प्रमाण पत्र (HKDSE)। साधारण शिक्षा प्रमाण पत्र (GCE) । अन्तर्राष्ट्रिय साधारण माध्यमिक स्कूलको शिक्षा सम्बन्धी प्रमाण पत्र (IGCSE)।

साधारण माध्यमिक शिक्षाको प्रमाण पत्र (GCSE)।

१४ . स्कूलका लागि अरु बढी  समर्थन र श्रोत साधन प्रदान गर्ने

- गैर चिनियाँ विद्यार्थीहरुसित अनुकूल हुने पाठ्यक्रमको श्रोतको विकास गर्ने बारेः  आधारभूत शब्द र वाक्याँश, आफैले पढ्ने सम्बन्धी सोफ्टवेर, स्कूलव्दारा पाठ्यक्रमलाई सुव्यवस्थित पारिने नमूना, पढ्ने र प्रशिक्षण गर्ने सम्बन्धी नमूना, पढाइको सामग्री, पढाइको अवस्थाको परीक्षण साधन र अन्तमा चिनियाँ भाषाको स्तरको अवलोकन र मूल्याङ्कन गर्ने साधन आदि कुराहरु
- निरन्तर रुपमा स्कूलमा गई सहायता प्रदान गर्ने।
- विश्वविद्यालय, इन्स्टिट्युट र गैर चिनियाँ सरकारी एकाइहरुसितको साझेदारी योजनालाई सबल पार्ने।
- निरन्तर रुपमा शिक्षक - शिक्षिकाको विशेष शिल्पको विकसित पाठ्यक्रम सम्बन्धी गोष्ठीको आयोजना गर्ने।

## पाँचौं भाग    अनुगमन र मूल्याङ्कन

१५ . शिक्षा व्यूरोले निरन्तर रुपमा समाजका विभिन्न क्षेत्रका व्यक्तिहरुसितको सहयोग गरी विभिन्न प्रस्तावहरुलाई व्यवहारमा उतारिएको अवस्थाको जाँचबुझ गर्नुका साथै विविध प्रकारका अनुसन्धान र विकास गर्नु पर्छ। जस्तो भनौं :संक्रमणकाशील पाठ्यक्रमको विकास गर्ने। पढाइको सामग्रिको अनुगमन गर्ने। गैर चिनियाँ विद्यार्थीहरुको चिनियाँ भाषाको स्तरबारे जानकारी लिने। परीक्षण र मूल्याङ्कन सम्बन्धी साधनको विकास गर्ने र साथ दिने सम्बन्धी सेटदारी सामग्रिहरुको विकास गर्ने। व्यवहारमा उतारिएको नतीजालाई हेरी विकसित कार्य - नीतिलाई मिलाउने।

## पाठ्यक्रम बनाउने निर्णय प्रस्ताव, मूल्याङ्कन र भावी बाटो




सहायक कार्य तालिका

हङ्ग कङ्ग विशेष प्रशासनिक क्षेत्र सरकारको शिक्षा व्यूरो

सन् 2008.1

यो अनुवाद गर्ने कागज पत्र हो। अनुवाद गरिएको कुनै विषयको अर्थ चाहिं चिनियाँ भाषी दस्तापेचसित फरक भएमा चिनियाँ भाषी दस्तापेच अनुसार गर्नु पर्छ।